# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०        संख्याः ३     मितिः २०८३/०३/३२

---

### भाग — १

### देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८३

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८३

गाउँ सभाबाट स्वीकृत भएको मितिः २०८३/०३/२९

प्रमाणीकरण र प्रकाशन मितिः २०८३/०३/३२

**प्रस्तावनाः** देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम देवघाट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि देवघाट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाको क्षेत्रभित्र अनुसूची - १ बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **मालपोत तथा भूमि करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची - २ बमोजिम मालपोत तथा भूमि कर लगाइने र असूल उपर गरिनेछ ।

४. **घर, जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिगत, संस्थागत र आवसीय भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची - ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **उद्योग तथा व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची - ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **स्थानीय उपज बिक्री तथा व्यवस्थापनः** गाउँपालिका क्षेत्र अन्तर्गत उत्पादन भएका स्थानीय उपज बिक्री तथा व्यवस्थापनका लागि अनुसूची - ५ बमोजिम असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची - ६ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची - ७ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची - ८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची - ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची - १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची - ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची - १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **प्राकृतिक स्रोत उत्खनन करः** दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरा) मा अनुसूची - १३ बमोजिम असूल उपर गरिनेछ ।

१५. **जलस्रोत उपयोग सम्बन्धी दस्तुरः** गाउँपालिका क्षेत्र भित्र जलस्रोत उपयोग सम्बन्धी दस्तुर अनूसूची - १४ बमोजिम असूल उपर गरिनेछ ।

१६. **संघ/संस्था/समूह दर्ता शुल्कः** गाउँपालिका अन्तर्गत नियमपूर्वक दर्ता हुन आएका संघ/संस्था समूहहरुको दर्ता शुल्क अनुसूची-१५ बमोजिम असूल उपर गरिनेछ ।

१७. **उद्योग दर्ता शुल्कः** गाउँपालिका अन्तर्गत नियमपूर्वक दर्ता हुन आएका उद्योगहरुको दर्ता शुल्क अनुसूची - १६ बमोजिम असूल उपर गरिनेछ ।

१८. **जरिवाना तथा प्रोत्साहनः** (१) प्राकृतिक स्रोतको चोरी निकासी गर्ने कार्यमा प्रयोग भएका गाडी तथा मेशिनरी औजारहरुलाई चोरी निकासी गरेको प्राकृतिक स्रोत जफत गरी अनुसूची -१७ बमोजिम जरिवाना गरिनेछ । साथै चोरी निकासी नियन्त्रण गर्नको लागि चोरीका सामान र सामान ओसार्ने साधन नियन्त्रणमा लिने सुरक्षाकर्मी तथा नगर प्रहरीलाई लगाइएको जरिवानाको १०% (दश प्रतिशत) रकम प्रोत्साहन स्वरुप सम्बन्धित ब्यक्तिलाई वा संस्थालाई भुक्तानी दिइनेछ ।

(२) व्यवसाय तथा अनुगमनको क्रममा अनियमित तरिकाले व्यापार व्यवसाय भएको अवस्था भेटिएमा अनुसूची-१७ बमोजिमको जरिवाना असूल उपर गरिनेछ ।

१९. **विविध शुल्कः** गाउँपालिका अन्तर्गत नियमपूर्वक गरिने अन्य शुल्कको हकमा अनुसूची-१८ बमोजिम असुल उपर गरिनेछ ।

२०. **मुल्य वा शुल्क समायोजनः** गाउँपालिका आफैले सञ्चालन गर्ने आयोजनाको लागि आवश्यक पर्ने नदीजन्य पदार्थ निःशुल्क रुपमा उपलब्ध गराईने छ र आयोजनाको लागत अनुमानमा मूल्य र शुल्क समायोजन गरिनेछ ।

२१. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार तर्जुमा गर्न सक्नेछ ।

२३. यस ऐनमा उल्लेख हुन छुटेका तर स्थानीय तहको क्षेत्राधिकार भित्र परेका विषयसँग सम्बन्धित विषयका कर तत्काल गाउँकार्यपालिकाको निर्णय बमोजिम कर लगाउन सकिनेछ । त्यसरी लगाइएको कर यसै गाउँ सभाबाट पारित भए सरह मानिनेछ ।

## अनुसूची — १

## आ.व. २०८३/०८४ को लागि सम्पति करको दररेट

### क) देवघाट गाउँपालिका क्षेत्र भित्रको भूमि/जग्गाको मूल्यांकन दररेट

| वडा नं. १ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| दरौटार-शहिदचोक (शालिग्रम करिडोर मो. मार्गको दायाँबायाँ) | १०,००,०००/- |
| दरौटार-शहिदचोक (शाखाबाटोको दायाँबायाँ) | ७,००,०००/- |
| दरौटार-शहिदचोक (अन्य बाटो नभएको क्षेत्र) | ३,००,०००/- |
| पाखाटोल-बेलडाँडा-बसेनीटार सडको दायाँबायाँ | २,००,०००/- |
| पाखाटोल-बेलडाँडा-बसनीटार (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| मेवाघारी-बगैंचा-पल्लोटार-स्कुल चोक (शहिद चोक देखि झो.पु. मार्गको दायाँबायाँ) | ७,००,०००/- |
| मेवाघारी-बगैंचा-पल्लोटार-स्कुल चोक (शाखा बाटोको दायाँबायाँ) | ५,००,०००/- |
| मेवाघारी-बगैंचा-पल्लोटार-स्कुल चोक (अन्य बाटो नभएको क्षेत्र) | ३,००,०००/- |
| कठनटोल-पार्वती मा.वि.-चौतारा टोल-एक्लेवर (शालीग्राम करिडोर मो.मार्गको दायाँबायाँ) | १२,००,०००/- |

| | |
|---|---|
| कठनटोल-पार्वती मा.वि.-चौतारा टोल-एक्लेवर (शाखा बाटोको दायाँबायाँ) | ७,००,०००/- |
| कठनटोल-पार्वती मा.वि.-चौतारा टोल-एक्लेवर (अन्य बाटो नभएको क्षेत्र) | ३,००,०००/- |
| कर्ण मो. मार्ग देखि दक्षिण भाग सम्पुर्ण क्षेत्र (मोटर मार्गको दायाँबायाँ) | ७,००,०००/- |
| कर्ण मो. मार्ग देखि दक्षिण भाग सम्पुर्ण क्षेत्र (शाखा बाटोको दायाँबायाँ) | ६,००,०००/- |
| कर्ण मो. मार्ग देखि दक्षिण भाग सम्पुर्ण क्षेत्र (अन्य बाटो नभएको क्षेत्र) | ३,००,०००/- |
| वर्षाखोला-मौलाडाँडा क्षेत्र सडक बाटोको दायाँबायाँ | १,००,०००/- |
| वर्षाखोला-मौलाडाँडा क्षेत्र अन्य बाटो नभएको क्षेत्र | ५०,०००/- |
| एक्लेवर देखि गोपीटार सम्म (गोपीटार मो.मार्गको दायाँ बायाँ) | ४,००,०००/- |
| एक्लेवर देखि गोपीटार सम्म (अन्य बाटो नभएको क्षेत्र) | २,००,०००/- |
| मझुवाडाँडा-आँपटार-भतेरी झोलुङ्गे पुल सम्म (शालीग्राम करिडोर दायाँबायाँ) | १०,००,०००/- |
| मझुवाडाँडा-आँपटार-भतेरी झोलुङ्गे पुल सम्म (शाखा बाटोको दायाँबायाँ) | ७,००,०००/- |

| | |
|---|---|
| मझुवाडाँडा-आँपटार-भतेरी झोलुङ्गे पुल सम्म (अन्य बाटो नभएको क्षेत्र) | ३,००,०००/- |
| चण्डुली-जामुने-बिमराश्वाँरा (गाईघाट-सानुभञ्ज्याङ मो.मार्गको दायाँ बाँया) | १,००,०००/- |
| चण्डुली-जामुने-बिमराश्वाँरा (शाखा बाटोको दायाँ बाँया) | ७५,०००/- |
| चण्डुली-जामुने-बिमराश्वाँरा (अन्य बाटो नभएको क्षेत्र) | ५०,०००/- |
| सालडाँडा-गहते-शिखर-झाँक्रीखोप-भिरथाप्ला रिसिङ्ग थान क्षेत्र (सडक बाटोको दायाँबायाँ) | १,००,०००/- |
| सालडाँडा-गहते-शिखर-झाँक्रीखोप-भिरथाप्ला रिसिङ्ग थान क्षेत्र (अन्य बाटो नभएको क्षेत्र) | ५०,०००/- |
| भरेन डाँडखओला (शालिग्राम करिडोरको दायाँबायाँ) | ३,००,०००/- |

| **वडा नं. २** | |
|---|---|
| **स्थान** | **न्यूनतम मूल्य प्रति रोपनी रु.** |
| सानुभञ्ज्याङ्ग-सिम्लेक-कोटवैदी (भिरकोट(गाईघाट मोटर मार्गको दायाँबायाँ) | ३,००,०००/- |
| सानुभञ्ज्याङ्ग-सिम्लेक-कोटवैदी (शाखा बाटोको दायाँबायाँ) | १,५०,०००/- |

| | |
|---|---|
| सानुभञ्ज्याङ्ग-सिम्लेक-कोटवैदी (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| आमडाँडा क्षेत्र (सडकको दायाँ बायाँ) | २,००,०००/- |
| आमडाँडा क्षेत्र (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| मास्दी, खानीभित्ता, कुसुण्डे (सडकको दायाँ बायाँ) | १,५०,०००/- |
| मास्दी, खानीभित्ता, कुसुण्डे (अन्य बाटो नभएको क्षेत्र) | ७५,०००/- |
| नरम (छिपछिपे-नरम-कराँदिप मोटरमार्गको दायाँबायाँ) | ३,००,०००/- |
| नरम (शाखा बाटोको दायाँबायाँ) | २,००,०००/- |
| नरम (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| जमडाँडा, लेकश्वारा, द्वारगौंडा, काभ्राखोला, फागुन्डी (सडको दाँया बायाँ) | २,००,०००/- |
| जमडाँडा, लेकश्वारा, द्वारगौंडा, काभ्राखोला, फागुन्डी (शाखा बाटोको दायाँबायाँ) | १,००,०००/- |
| जमडाँडा, लेकश्वारा, द्वारगौंडा, काभ्राखोला, फागुन्डी (अन्य बाटो नभएको क्षेत्र) | ७५,०००/- |
| डिहिलेक, डिहि, व्यागन, जरम, दरैटार, क्वादी, बेसार्दी (सडक बाटोको दायाँबायाँ) | २,५०,०००/- |
| डिहिलेक, डिहि, व्यागन, जरम, दरैटार, क्वादी, बेसार्दी (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |

| | |
|---|---|
| छेरङ्गाखोला, दरौंखोला, खाल्टे सम्म (शालीग्राम करिडोर मो.मार्गको दायाँबायाँ) | ८,००,०००/- |
| छेरङ्गाखोला, दरौंखोला, खाल्टे सम्म (शाखा बाटोको दायाँबायाँ) | ४,००,०००/- |
| छेरङ्गाखोला, दरौंखोला, खाल्टे सम्म (अन्य बाटो नभएको क्षेत्र) | २,००,०००/- |
| जैथुम, छेरङ्गा, करौंदिप (सडक बाटोको दायाँबायाँ) | २,००,०००/- |
| जैथुम, छेरङ्गा, करौंदिप (अन्य बाटोले नभएको क्षेत्र) | १,५०,०००/- |
| सानुभञ्याङ्ग, घ्याँसीबास, तालवारी, मास्दी-खाल्टे सडकको दाँया बायाँ | ३,००,०००/- |
| सानुभञ्याङ्ग, घ्याँसीबास, तालवारी, मास्दी-खाल्टे सडकको शाखा बाटोको दायाँबायाँ | १,००,०००/- |
| सानुभञ्याङ्ग, घ्याँसीबास, तालवारी, मास्दी-खाल्टे (अन्य क्षेत्र) | ७५,०००/- |

| वडा नं. ३ | |
|---|---|
| **स्थान** | **न्यूनतम मूल्य प्रति रोपनी रु.** |
| नाल्बुङ्ग, ल्हुङ्ग्रीङ्ग, छिपछिपे (सुन्तला मोटर मार्गका दायाँबायाँ) | ३,००,०००/- |
| नाल्बुङ्ग, ल्हुङ्ग्रीङ्ग, छिपछिपे (शाखा बाटोको दायाँबायाँ) | २,००,०००/- |

| | |
|---|---|
| नाल्बुङ्ग, ल्हुङ्ग्रीङ्ग, छिपछिपे (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| गोन्द्राङ्ग, वाटक, चिलाउने गैह्रा, वडा कार्यालयको पूर्व पट्टि (भृकुटी मोटर मार्गको दायाँबायाँ) | २,००,०००/- |
| गोन्द्राङ्ग, वाटक, चिलाउने गैह्रा, वडा कार्यालयको पूर्व पट्टि (शाखा बाटोको दायाँबायाँ) | १,५०,०००/- |
| गोन्द्राङ्ग, वाटक, चिलाउने गैह्रा, वडा कार्यालयको पूर्व पट्टि (अन्य बाटो नभएको क्षेत्र) | १,१०,०००/- |
| भोक्तेनी, दगरा, छापश्वारा (दगरा सम्झना मोटर मार्गको दायाँबायाँ) | १,५०,०००/- |
| भोक्तेनी, दगरा, छापश्वारा (शाखाबाटो दायाँबायाँ) | १,००,०००/- |
| भोक्तेनी, दगरा, छापश्वारा (अन्य बाटो नभएको क्षेत्र) | ५०,०००/- |
| गोन्द्राङ्ग (गोन्द्राङ्ग-फिदिमस्वारा मोटर मार्गको दायाँबायाँ) | २,००,०००/- |
| गोन्द्राङ्ग (शाखा बाटोको दायाँबायाँ) | १,५०,०००/- |
| गोन्द्राङ्ग (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| ल्हुङ्ग्रिङ्ग, गुरुङटोल, काश्वारा (पहाल सिं मोटर मार्गको दायाँबायाँ) | १,५०,०००/- |
| ल्हुङ्ग्रिङ्ग, गुरुङटोल, काश्वारा (शाखा बाटोको दायाँबायाँ) | १,००,०००/- |

| | |
|---|---|
| ल्हुङ्ग्रिङ्ग, गुरुङटोल, क्राश्वारा (अन्य बाटो नभएको क्षेत्र) | ७५,०००/- |
| नाल्बुङ्ग (मनकामना मोटर मार्गको दायाँबायाँ) | २,००,०००/- |
| नाल्बुङ्ग (शाखा बाटोको दायाँबायाँ) | १,५०,०००/- |
| नाल्बुङ्ग (अन्य बाटो नभएको क्षेत्र) | १,००,०००/- |
| फिदिमश्वारा लेकश्वारा (फिदिमश्वारा मो. मार्गको दायाँबायाँ) | १,००,०००/- |
| फिदिमश्वारा लेकश्वारा (अन्य बाटो नभएको क्षेत्र) | ७५,०००/- |
| हल्दुङ्ग, गुरुङटोल, मगर टोल (हल्दुङ्ग मो. मार्गको दायाँबायाँ) | १,००,०००/- |
| हल्दुङ्ग, गुरुङटोल, मगर टोल (अन्य बाटो नभएको क्षेत्र) | ७५,०००/- |
| संग्राम, जौबारी क्षेत्र | १,००,०००/- |
| घर्तिवास क्षेत्र | ५०,०००/- |
| खहरे, गोगनघारी क्षेत्र | १,००,०००र- |
| साराङघाट क्षेत्र | ६,००,०००/- |

| वडा नं. ४ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| गाईघाट क्षेत्र (गाईघाट-सानुभञ्ज्याङ सडकको दायाँबायाँ) | ९,००,०००/- |
| गाईघाट क्षेत्र (भित्री शाखा बाटोको दायाँबायाँ) | ७,००,०००/- |
| गाईघाट क्षेत्र (सडकले नछोएको अन्य जग्गा) | ५,००,०००/- |
| बेलडाँडा क्षेत्र | १,५०,०००/- |
| सिंच्याङ्ग क्षेत्र (गाईघाट-सानुभञ्ज्याङ सडकको दायाँबायाँ) | ४,००,०००/- |
| सिङ्च्याङ क्षेत्र (भित्री शाखा बाटो) | १,५०,०००/- |
| सिङ्च्याङ क्षेत्र (अन्य बाटो नभएको जग्गा) | १,००,०००/- |
| काफलडाँडा क्षेत्र (गाईघाट-सानुभञ्ज्याङ सडकको दायाँबायाँ) | ५,००,०००/- |
| काफलडाँडा क्षेत्र (भित्री शाखा बाटो) | ३,००,०००/- |
| काफलडाँडा क्षेत्र (अन्य बाटो नभएको जग्गा) | १,००,०००/- |
| आमडाँडा वेशी, आईलिम वेशी, आचर्दा फाँट (सडकको दायाँबायाँ) | ४,००,०००/- |
| आमडाँडा वेशी, आईलिम वेशी, आचर्दा फाँट (अन्य जग्गा) | २,००,०००/- |

| | |
|---|---|
| दुईघरे, चारघरे, नर्थली, सार्वाङ्ग, पार्लाङ्ग, सार्वाङ सडकको दायाँबायाँ | ३,००,०००/- |
| दुईघरे, चारघरे, नर्थली, सार्वाङ्ग, पार्लाङ्ग, सार्वाङ (अन्य जग्गा) | १,००,०००/- |
| मोहोरिया, खोडे, माथिल्लो आमडाँडा सडको दायाँबायाँ | २,५०,०००/- |
| मोहोरिया, खोडे, माथिल्लो आमडाँडा (अन्य जग्गा) | १,००,०००/- |
| डुडे, कर्ताप (गाईघाट- सानुभञ्ज्याङ सडक दायाँबायाँ) | ३,००,०००/- |
| डुडे, कर्ताप (भित्री शाखा बाटो दायाँबायाँ) | २,००,०००/- |
| डुडे, कर्ताप (अन्य जग्गा) | १,००,०००/- |
| काफलस्वारा, सिम्टीस्वारा, वापस सडको दायाँबायाँ | २,००,०००/- |
| काफलस्वारा, सिम्टीस्वारा, वापस (बाटो नभएको अन्य जग्गा) | १,००,०००/- |
| चामन वेशी, भुवन वस्ती क्षेत्र | १,५०,०००/- |
| बास्पानी, ज्यामिरे, ढड्डाघारी (सडको दायाँबायाँ) | १,५०,०००/- |
| बास्पानी, ज्यामिरे, ढड्डाघारी (अन्य जग्गा) | १,००,०००/- |
| बसेनी, अग्रीडाँडा, रातपानी, सालडाँडा, गुदुम क्षेत्र | ७५,०००/- |
| वेलश्वरा क्षेत्र | ३,००,०००/- |

| वडा नं. ५ | |
|---|---|
| **स्थान** | **न्यूनतम मूल्य प्रति आना रु.** |
| टाउनचोक देखि मुल सडक स्याउली बजार घिनाटार (११ मि. बाटोको दायाँबायाँ) | २,५०,०००/- |
| पुलको मुख देखि बद्री केदार चापागाई मन्दिर हुँदै मुल सडक सम्म | २,००,०००/- |
| घिनाटार देखि नयाँ बस्ति चौकी हुँदै देवपुर (११ मि. बाटोको दायाँबायाँ) | २,५०,०००/- |
| घिनाटार देखि क्युदी, पिपलटार, भर्जनखोला कालिमाटी दासढुङ्गा (११ मि. बाटोको दायाँबायाँ) | २,००,०००/- |
| मधुवन देखि पिपलटार, तालबारी, सांखीचोक, कालीमाटी, घुम्तीचौर, हुँदै दासढुङ्गा (११ मि. बाटोको दायाँबायाँ) | २,००,०००/- |
| देवघाट-हरिहर चोक देखि टाउनचोक हुँदै देवपुरसम्म सडको दायाँबाँया | २,५०,०००/- |
| कालीमाटी, गौरीटार र बुद्धचोक हुँदै भुवनटारसम्म सडको दायाँबायाँ | १,७०,०००/- |
| बाँकी भित्री बाटाहरु ८ मि. र ६ मि.को बाटो दाँयाबाँया | १,५०,०००/- |
| अन्य बाटो नभएका जग्गाहरु | १,००,०००/- |
| साँढेबगर (महादेव टोल विकास संस्था) | १,००,०००/- |

| | |
|---|---|
| क्वादी क्षेत्र | १५,०००/- |
| बगन्दी, फोस्रेपानी, सोलीघोप्टे क्षेत्र | १०,०००/- |

**ख) देवघाट गाउँपालिका क्षेत्र भित्रको भौतिक संरचनाको मूल्यांकन दररेट**

| क.स. | भवनको प्रकार/बनोट | दर प्रति वर्ग फुट रु. | कैफियत |
|---|---|---|---|
| १ | आर.सी.सी. फ्रेम स्टक्चरमा बेसमेन्ट, लिफ्ट र एस्कलेटर जडान भएको व्यापारिक भवन | २,५००.०० | |
| २ | आर.सी.सी. फ्रेम स्टक्चरको भवन | १,५००.०० | |
| ३ | आर.बी.सी., आर.सी.सी. पिल्लर जस्ता छाना भएको पक्की घर | १,०००.०० | |
| ४ | टिन, टायलको छाना भई माटो जोडाइभित्र बाहिर प्लास्टर भएको घर, काठै काठबाट बनेको घर, ब्लकको गारो, प्रिकाष्ठ पोल, टिनको छानो भएको घर वा घ वर्गको घर | ८५०.०० | |
| ५ | आर.सी.सी. पिलर सिस्टमबाट बनेको खोर, गोठ | ४५०.०० | |
| ६ | अन्य तवरबाट बनेको खोर, गोठ | २००.०० | |
| ७ | स्वीमिङ पुल | १,०००.०० | |

## ग) देवघाट गाउँपालिका क्षेत्र भित्रको भौतिक संरचनाको मूल्यांकन दररेट

| क्र.स. | भवनको प्रकार/बनोट | वार्षिक ह्रास कट्टी प्रतिशत | ह्रास कट्टी अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | आर.सी.सी. फ्रेम स्टक्चरमा बेसमेन्ट, लिफ्ट र एस्कलेटर जडान भएको व्यापारिक भवन | १.८ | ५० | |
| २ | आर.सी.सी. फ्रेम स्टक्चरको भवन | १.८ | ५० | |
| ३ | आर.बी.सी., आर.सी.सी. पिल्लर जस्ता छाना भएको पक्की घर | ३.० | ३० | |
| ४ | टिन, टायलको छाना भई माटो जोडाइभित्र बाहिर प्लास्टर भएको घर, काठै काठबाट बनेको घर, ब्लकको गारो, प्रिकाष्ठ पोल, टिनको छानो भएको घर वा घ वर्गको घर | ४.५ | २० | |
| ५ | आर.सी.सी. पिलर सिस्टमबाट बनेको खोर, गोठ | ४.५ | २० | |
| ६ | अन्य तवरबाट बनेको खोर, गोठ | ४.५ | २० | |
| ७ | स्वीमिङ पुल | २.२५ | ४० | |
| नोटः Scrap Value दश प्रतिशत राखी दर कायम गर्ने आधारमा लिइएको । | | | | |

### देवघाट गाउँपालिका क्षेत्र भित्रको भौतिक संरचनाको मूल्यांकन सिलिङ्ग:

| सम्पति मूल्य (देखि) | सम्पति मूल्य (सम्म) | प्रतिशतमा गणना गर्ने | कर प्रतिशत |
|---|---|---|---|
| ०.०० | ५,००,०००.०० | हो | ०.०१५ |
| ५,००,००१.०० | १०,००,०००.०० | हो | ०.०१६ |
| १०,००,००१.०० | १५,००,०००.०० | हो | ०.०१७ |
| १५,००,००१.०० | २०,००,०००.०० | हो | ०.०१८ |
| २०,००,००१.०० | २५,००,०००.०० | हो | ०.०१९ |
| २५,००,००१.०० | ३०,००,०००.०० | हो | ०.०२० |
| ३०,००,००१.०० | ४०,००,०००.०० | हो | ०.०२१ |
| ४०,००,००१.०० | ५०,००,०००.०० | हो | ०.०२२ |
| ५०,००,००१.०० | ६०,००,०००.०० | हो | ०.०२३ |
| ६०,००,००१.०० | १,००,००,०००.०० | हो | ०.०२४ |
| १,००,००,००१.०० | १,५०,००,०००.०० | हो | ०.०२५ |
| १,५०,००,००१.०० | २,००,००,०००.०० | हो | ०.०२६ |
| २,००,००,००१.०० | २,५०,००,०००.०० | हो | ०.०२७ |
| २,५०,००,००१.०० | ३,००,००,०००.०० | हो | ०.०२८ |
| ३,००,००,००१.०० | ४,००,००,०००.०० | हो | ०.०२९ |
| ४,००,००,००१.०० | ५,००,००,०००.०० | हो | ०.०३० |
| ५,००,००,००१.०० | ०.०० | हो | ०.०३१ |

**अनुसूची - २**
**देवघाट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देवघाट, तनहुँ ।**
**मालपोत तथा भूमी करको दररेट (रु.)**

| क्र.सं. | मालपोत तथा भूमीकर | वडा नं. १- कालिकाटार, कोटा, आँपटार, गोपिटार | वडा नं. २,३,४ र वडा नं. १ को अन्य र ५ को बगन्दी र क्वादी | वडा नं. ५- (बगन्दी, क्वादी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | न्यूनतम (एक आना देखि ८ आना सम्म भएमा) | ७० | ५० | १०० | |
| २ | ९ आना देखि १ रोपनी सम्म | १०० | ८० | १५० | |
| ३ | १ रोपनी भन्दा माथी (प्रति रोपनी) | ५० | ३० | ८० | |
| उल्लेखित मालपोत भूमी करको दरमा १ आ.व.को विलम्ब शुल्क जरिवाना १०% र २ वर्ष वा सो भन्दा बढी आ.व.को विलम्ब शुल्क २०% लाग्नेछ । | | | | | |

## अनुसूची-३

## आ.व. २०८३/०८४ को लागि घर, जग्गा वहाल करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| **व्यवसायिक, संस्थागत र आवसीय** | | | |
| १ | व्यवसायिक भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छुप्पर, जग्गा, पोखरीमा | सम्झौता रकमको १० प्रतिशत | विलम्ब शुल्क थप १०% जरिवाना |
| २ | कृषिजन्य जग्गा, भवन | सम्झौता रकमको २ प्रतिशत | |
| ३ | घरभाडा आवसीय प्रयोजन | सम्झौता रकमको ५ प्रतिशत | |

## अनुसूची — ४
## आ.व. २०८३/०८४ को लागि व्यवसाय करको दररेट

| क्र.सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण/ व्यवसाय कर | |
| १ | **व्यवसाय दर्ता पूँजिको आधारमा** | | | विलम्ब शुल्क थप १०% जरिवाना |
| क | रु. ३ लाख देखी रु. ५ लाख सम्म पूँजि लगानी | १००० | ५०० | |
| ख | रु. ५ लाख १ देखी रु. १० लाख सम्म पूँजि लगानी | १५०० | ७५० | |
| ग | रु. १० लाख १ देखी रु. २० लाख सम्म पूँजि लगानी | २००० | १००० | |
| घ | रु. २० लाख १ देखी रु. ३५ लाख सम्म पूँजि लगानी | २५०० | १२५० | |
| ङ | रु. ३५ लाख १ देखी रु. ५० लाख सम्म पूँजि लगानी | ३५०० | १७०० | |
| च | रु. ५० लाख १ देखी रु. १ करोड सम्म पूँजि लगानी | ५००० | २२०० | |
| छ | रु. १ करोड १ देखी रु. २ करोड सम्म पूँजि लगानी | १०००० | ५००० | |
| ज | रु. २ करोड देखि ५ करोड सम्म पूँजि लगानी | १५००० | ८००० | |
| झ | रु. ५ करोड १ देखि माथि | २०,००० | १०,००० | |
| २ | **होम स्टे** | १०००० | २००० | |
| ३ | **डिलर व्यवसाय (थोक बिक्रेता)** | १०००० | २००० | |
| ४ | **अस्पताल तथा नर्सिङ्ग होम** | ५००० | १५०० | |

| क्र.सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण/ व्यवसाय कर | |
| ५ | **क्लिनिक तथा ल्याव** | २००० | ६०० | |
| ६ | **पेट्रोल पम्प** | | | |
| क | डिजेल, पेट्रोल | ३०००० | १०००० | |
| ख | डिजेल र पेट्रोल छुट्टाछुट्टै | २०००० | ८००० | |
| ग | मट्टितेल | २००० | ६०० | |
| ७ | नौमति तथा बाद्यबाधक व्यवसाय | ३००० | १५०० | |
| ८ | ट्युसन तथा अन्य तालिम सेन्टर सम्बन्धी व्यवसाय | ५००० | २००० | |
| ९ | **ग्याँस सिलिण्डर बिक्रेता** | | | |
| क | क श्रेणी | १२०० | ३५० | |
| ख | ख श्रेणी | १००० | ३०० | |
| १० | **जिप, कार, भ्यान सो रुम** | ५००० | १५०० | |
| ११ | **मोटर बडी विडर्स** | | | |
| क | क श्रेणी | १०००० | ३००० | |
| ख | ख श्रेणी | ५००० | १५०० | |
| १२ | **मोटरसाईकल सोरुम** | | | |
| क | क श्रेणी | ३००० | ९०० | |
| ख | ख श्रेणी (व्याट्रीबाट चल्ने) | १००० | ३०० | |
| १३ | **बैंक, फाईनान्स, वित्तिय संस्थाहरु तथा सहकारी बैंक नाफामूलक मुख्य कार्यालय भएको बैंक तथा फाईनान्स** | | | |

| क्र.सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण/ व्यवसाय कर | |
| क | शाखा, उपशाखा कार्यालय भएको (बैंक, फाइनान्स, अन्य वित्तिय संस्था) | ८००० | ३००० | विलम्ब शुल्क थप १०% जरिवाना |
| ख | सहकारी बैंक | १००० | ५०० | |
| **१४** | **निर्माण व्यवसायी** | | | |
| क | क श्रेणी | ६५००० | २०००० | |
| ख | ख श्रेणी | ५०००० | १५००० | |
| ग | ग श्रेणी | ४५००० | १२००० | |
| घ | घ श्रेणी | ३०००० | १०००० | |
| **१५** | गिट्टी, बालुवा ढुङ्गा सप्लायर्स | ५००० | १५०० | |
| **१६** | **बोर्डिङ्ग तथा निजी (संस्थागत) विद्यालय अनुमती राख्ने** | | | |
| क | मन्टेश्वरी शिक्षा | २००० | १००० | |
| ख | आधारभूत तह (१ – ५ कक्षा) | ३००० | १५०० | |
| ग | आधारभूत तह (१ – ९ कक्षा) | ४००० | २००० | |
| घ | माध्यमिक तह (९ – १२ कक्षा) | ७००० | ३००० | |
| ङ | क्याम्पस तह | १०००० | ५००० | |
| **१७** | हाट बजार अनुमती तथा दर्ता | ५०० | ३०० | |

पुनश्चः यसमा नपरेका शिर्षकहरुको हकमा तत्काल गाउँकार्यपालिकले दर-रेट निर्णय गरि लगाउन सक्नेछ ।

## अनुसूची — ५
## आ.व. २०८३/०८४ को लागि स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापनको लागि दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | **काठ दाउरा** | | |
| क | साल काठ गोलाई प्रति क्यू.फिट | ३० | |
| ख | साल काठ चिरान प्रति क्यू.फिट | ५० | |
| ग | खयर प्रति क्यू. फिट | ३० | |
| ग | कु काठ साल खयर बाहेक प्रति क्यू. फिट | २५ | |
| घ | अन्य दाउरा | | |
| | प्रति ट्याक्टर | ५०० | |
| | प्रति टिप्पर | २००० | |
| | प्रति ट्रक (१० चक्के) | २५०० | |
| ङ | दाउरा सालको प्रति चट्टा | | |
| | प्रति ट्याक्टर | ७५० | |
| | प्रति टिप्पर | ३००० | |
| | प्रति ट्रक (१० चक्के) | ३५०० | |
| २ | **स्थानीय उपज** | | |
| क | पशु चौपाया (प्रति गोटा) | | |
| | बाखा, भेडा लगायत | २० | |
| | रागाँभैसी - गाई गोरु | ५० | |

| | | | |
|---|---|---|---|
| ख | फलफूल (सुन्तला, जुनार, कागती, कटहर, लिची आदि) (प्रति क्वीन्टल) | ३० | |
| ग | अदुवा, बेसार (काँचो) (प्रति क्वीन्टल) | ३० | |
| घ | सुठो (सुकाएको अदुवा) (प्रति क्वीन्टल) | १०० | |
| ३ | **कोइला (बनमाराको कोइला समेत)** | | |
| क | प्रति बलेरो | २०० | |
| ख | प्रति ट्याक्टर | ४०० | |
| ग | प्रति ट्रक | १००० | |

**अनुसूची — ६**

**आ.व. २०८३/०८४ को लागि जडीबुटी, कवाडी र जीवजन्तु करको दररेट**

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| | **हाड, सिंङ, खूर, छाला** | | |
| १ | हाड प्रति के.जि. | १ | |
| २ | सिंढ प्रति के.जि. | १.५० | |
| ३ | खूर प्रति के.जि. | १.५० | |
| ४ | छाला प्रति के.जि. | १५ | |
| | **कवाडी** | | |
| १ | ऊनका टुक्रा प्रति के.जि. | १ | |
| २ | गारमेटको कपडाको टुक्रा प्रति के.जि. | १ | |
| ३ | जलेको मोबोल प्रति लि. | ०.५ | |
| ४ | जुट र पल्टिकको बोरा प्रति के.जि. | ०.२० | |
| ५ | कार्पेटका टुक्रा प्रति के.जि. | १ | |
| ६ | टायर ट्युव टुक्रा प्रति के.जि. | १ | |
| ७ | थोत्रो टिन टुक्रा प्रति के.जि. | ०.५० | |
| ८ | पुरानो ड्रम प्रति के.जि. | ०.५० | |
| ९ | पुराना कागज प्रति के.जि. | १ | |
| १० | धातुका टुक्राहरु प्रति के.जि. | १ | |
| ११ | पोलिथिनको पाईप टुक्रा /प्लास्टिक जन्य वस्तु प्रति के.जि. | १ | |
| १२ | शिशाको धुलो वा टुक्रा प्रति के.जि. | ३ | |

| | | | |
|---|---|---|---|
| १३ | काँचको धुलो वा टुक्रा प्रति के.जि. | ०.५० | |
| | **जडिबुटी** | | |
| १ | खोटो प्रति के.जि. | ०.५० | |
| २ | खर, बाबियो प्रति के.जि. | २ | |
| ३ | सालको बियाँ प्रति के.जि. | ०.५० | |

## अनुसूची — ७
## आ.व. २०८३/०८४ को लागि सवारी साधन करको दररेट

| क.सं. | विवरण | दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १ | अटो रिक्सा, टेम्पो, ई. रिक्सा लगायत अन्य ३ पाङ्ग्रे साधन | रु. १००० | रु. ५०० | गा.पा.ले कार्यविधि वनाई दर्ता नवीकरण गर्ने |

**अन्य दर्ता भई देवघाट गाउँपालिकामा सञ्चालन भएका सवारीसाधनको हकमा सूचीकृत हुनुपर्नेः**

| क.सं. | विवरण | दररेट (रु.) सूचीकृत | कैफियत |
|---|---|---|---|
| १ | हेभी मेशिनरीः डोजर, लोडर, ब्याक हो लोडर, एक्साभेटर, ग्रेडर, रोलर प्रति वर्ष | २५०० | यस गाउँपालिकामा सुचिकरण नभएका कुनै पनि सवारी उपकरणहरुलाई गाउँपालिकाको कार्य तथा योजना सञ्चालन कार्यमा सहभागी गराइने छैन । वडाले अभिलेख राखि गा.पा. मा पठाउने |
| २ | हेभी बस, ट्रक, टिप्पर प्रति वर्ष | २००० | |
| ३ | मिनिबस, मिनि ट्रक प्रति वर्ष | १५०० | |
| ४ | माइक्रो बस प्रति वर्ष | १००० | |
| ५ | कार, जिप, भ्यान प्रति वर्ष | १००० | |
| ६ | ट्रयाक्टर प्रति वर्ष | १००० | |

## अनुसूची — ८
## आ.व. २०८३/०८४ को लागि विज्ञापन करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | परिचय पाटी/साइन वोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | मदिरा सूर्तिजन्य विज्ञापनको थप ५०% लाग्नेछ । |
| २ | होर्डिङ वोर्ड (विज्ञापन पाटी) | १५० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ३ | नियोन साइन वोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ४ | ग्लोसाइन (विद्युतीय) वोर्ड | २०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ५ | चलचित्र वोर्ड | ३०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ६ | त्रिभिजन वोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ७ | स्क्रोरल भिजन वोर्ड | २०० (प्रति थान/प्रति हप्ता) | |
| ८ | व्यानर/फिल्मी पोष्टर | १२०० (प्रति गोटा/प्रति हप्ता) | |
| ९ | आकाशे वेलुन | १०० (प्रति वर्गफुट/प्रति महिना) | |
| १० | व्यवसायिक भवन प्रवेश र विज्ञापन गेट | ५००० प्रति वर्ष | |
| ११ | गाडीमा बोकी विज्ञापन | १००० प्रति गाडी प्रति हप्ता/प्रति दिन रु. २०० | |
| १२ | पोल ब्यापन | २०० प्रति हप्ता | |
| १३ | जात्रा, मेला, खेलकुद विज्ञापन | १०० प्रति वर्गफुट/प्रति हप्ता | |
| १४ | लाईट बोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |

## अनुसूची — ९
## आ.व. २०८३/०८४ को लागि वहाल, विटौरी करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्रको पर्ती ऐलानी वा सार्वजनिक जग्गामा नेपाल सरकारको स्वीकृत वमोजिम गा.पा. आफैले टहरा, छाप्रा वा पक्की संरचना निर्माण गरी रेख देख संचालन गरेको | | |
| | क) पक्की संरचना मासिक प्रति वर्गफुट | २५ | |
| | ख) कच्ची संचरना मासिक प्रति वर्गफुट | १५ | |
| २ | गाउँपालिका क्षेत्र भित्रको खाली रहेको पर्ती ऐलानी जग्गामा गा.पा. आफैले टहरा छाप्रा निर्माण नगरी व्यक्ति विशेषले आफै छाप्रा टहरा निर्माण गरी वा नगरी हाट वजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी वसेको भए त्यस्तो जग्गामा प्रती वर्गफूट मासिक | ५ | |
| ३ | **ऐलानी वा पर्ती जग्गामा बनेको संरचना** | | |
| | क) कच्ची घर वार्षिक | ५० | |
| | ख) अर्धपक्की घरको वार्षिक | १०० | |
| | ग) पक्की एकतले घरको वार्षिक | १५० | |
| | घ) पक्की घरको प्रति तला वार्षिक | २५० | |

## अनुसूची — १०
## आ.व. २०८३/०८४ को लागि पार्किङ्ग शुल्कको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल र स्कुटर लगाएत दुई पाङ्ग्रे साधन प्रति दिन | २० | |
| २ | अटो, ई-रिक्सा लगाएत तिन पाङ्ग्रे साधन प्रति दिन | ३० | |
| ३ | कार, जिप, भ्यान लगाएत सानो चार पाङ्ग्रे सवारी साधन प्रति दिन | ५० | |
| ४ | बस, मिनिबस, ट्रक, ट्र्याक्टर लगाएत अन्य हेभी मेशिन प्रति दिन | १०० | |

## अनुसूची — ११
## आ.व. २०८३/०८४ को लागि ट्रेकिङ्ग, क्यानोईङ्ग, र्याफ्टिङ्ग करको दररेट

| क.सं. | विवरण | दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| १ | पर्यटक, आवास, मोटेल, रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, स्केइङ्ग, प्यारा ग्लाईडिङ्ग, वाटर र्याफ्टिङ्ग, क्यानोईङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत | १५००० | ३००० | |

## अनुसूची — १२
## आ.व. २०८३/०८४ को लागि सेवा शुल्क तथा सिफारिस दस्तुरको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १०० | |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | ३५० | |
| ३ | नाबालक परिचयपत्र सिफारिस | ३५० | |
| ४ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १००० | |
| ५ | अविवाहित प्रमाणित | ३५० | |
| ६ | **नाता प्रमाणित** | | |
| क) | अँग्रेजी | ५०० | |
| ख) | नेपाली | ३५० | |
| ७ | **घर बाटो सिफारिस** | | |
| क) | मुख्य पिच बाटो ११ मि. (पिच बाटो) | १५०० | |
| ख) | अन्य पिच बाटो | १२०० | |
| ग) | ग्राभेल बाटो | १०५० | |
| घ) | कच्ची बाटो | ५५० | |
| ङ) | बाटो नभएको | ४५० | |
| ८ | **चार किल्ला प्रमाणित** | | |
| क) | घडेरी | ५५० | |
| ख) | भवन, घर, उद्योग | ५५० | |
| ग) | खेती योग्य | ३५० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ९ | घरजग्गा प्रमाणित | ५५० | |
| १० | घरजग्गा नामसारी सिफारिस | ३५० | |
| ११ | जग्गा दर्ता सिफारिस | ५५० | |
| १२ | **विद्युत मिटर बक्स सिफारिस** | | |
| क) | विद्युत मिटर बक्स सिफारिस घरको लागि | २५० | |
| ख) | विद्युत मिटर बक्स सिफारिस सिंचाईको लागि | ५५० | |
| ग) | खानेपानी मिटर बक्स सिफारिस | ५५० | |
| १३ | धितो मूल्यांकन | ०.०७ प्रतिशत | |
| १४ | **लेनदेन प्रमाणित** | | |
| क) | रु. १०,००,००० सम्मको लेनदेन | १००० | |
| ख) | रु. १०,००,००१ देखि ५०,००,००० सम्म | २००० | |
| ग) | रु. ५०,००,००१ भन्दा माथि | ४००० | |
| १५ | आयश्रोत तथा घरजग्गा मूल्यांकन प्रमाणित | ०.१५ प्रतिशत | |
| १६ | घर पाताल प्रमाणित | ५५० | |
| १७ | **मालपोत कार्यालयमा गरिने सिफारिसहरु** | | |
| क) | नाम, थर, वतन संशोधन, प्रतिलिपी सिफारिस | ५५० | |
| ख) | नामसारी, दाखिल, खारेज | ५५० | |
| ग) | अन्य सिफारिस | ३५० | |
| घ) | पुर्नवासी व्यक्तीहरुको जग्गा सिफारिस | ३५० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ङ) | जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि (हराएको, झुत्रो) सिफारिस | ५५० | |
| च) | घर कायम सिफारिस | ३५० | |
| छ) | जग्गा कित्ताकाट/ एकिकरण गर्ने सिफारिस | ५५० | |
| १८ | धारा जडान सिफारिस | ३५० | |
| १९ | व्यवसाय दर्ता सिफारिस | ३५० | |
| २० | व्यवसाय बन्द सिफारिस | ३५० | |
| २१ | अस्थायी/स्थायी बसोबास प्रमाणित सिफारिस | ३५० | |
| २२ | संस्था दर्ता सिफारिस | ३५० | |
| २३ | पशु चौपाय सम्बन्धी सिफारिस | ३५० | |
| २४ | कोठा खोल्ने कार्य/ रोहवर बस्ने कार्य | १००० प्रति कोठा | |
| २५ | जनजाति/दलित/अन्य जातजाति प्रमाणित सिफारिस | ३५० | |
| २६ | व्यक्तिगत विवरण प्रमाणित तथा सिफारिस | ३५० | |
| २७ | जिवित रहेको प्रमाणित/सिफारिस | ३५० | |
| २८ | **पेन्सन सम्बन्धी सिफारिस** | | |
| क) | स्वदेशको लागि | ५०० | |
| ख) | विदेशको लागि | १००० | |
| २९ | अंग्रेजी सिफारिस तथा डकुमेन्ट प्रमाणित प्रति पान्ना | ५०० | |
| ३० | कागज/मञ्जुरीनामा प्रमाणित | ५०० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ३१ | संरक्षक सिफारिस | ३५० | |
| ३२ | हकवाला वा हकदार प्रमाणित | ५०० | |
| ३३ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| ३४ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| ३५ | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ३६ | विद्यालय सञ्चालन स्वीकृतको लागि सिफारिस | १००० | |
| ३७ | विद्यालय कक्षा वृद्धि सिफारिस | १००० | |
| ३८ | विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| ३९ | **छात्रवृत्ति सिफारिस** | | |
| क) | निजी विद्यालयको लागि | ३५० | |
| ख) | सरकारी विद्यालयको लागि | निःशुल्क | |
| ४० | स्वास्थ्य उपचार सम्बन्धी सिफारिस | निःशुल्क | |
| ४१ | वडा सर्जमिन मुचुल्का | ३५० | |
| ४२ | व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र) | निःशुल्क | |
| ४३ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क (३५ दिन पछि) | २०० | |
| ४४ | व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र प्रतिलिपी | ५०० | |
| ४५ | २०३६ साल भन्दा अगाडि भएका व्यक्तिगत घटना प्रमाणित सिफारिस | ३५० | |
| ४६ | सामाजिक सुरक्षा भत्ता सिफारिस | निःशुल्क | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ४७ | कन्सुलर प्रमाणित | ५०० | |
| ४८ | **सरसफाइ शुल्क प्रति घर/प्रति महिना** | | |
| क | सामान्य आवासिय घर | ५० | |
| ख | व्यापारिक घर/सटर | १०० | |
| ग | ठुला होटल, आश्रम | २०० | |
| ४९ | **पानी ट्याङ्की टेलर** | | |
| **क** | प्रति दिन (टेलर मात्र) | १००० | |
| **ख** | प्रति टिप | १००० | पालिका कै ट्राक्टर प्रयोग गर्नु परेमा दुरीको हिसाबले थप शुल्क |
| **५०** | वृत्तचित्र, पाश्वचित्र छायांकन शुल्क प्रति दिन | ५०० | |
| **५१** | मौजुदा सूचीमा दर्ता शुल्क (फर्महरु) | ५०० | |
| **५२** | देवघाट गा.पा. अन्तर्गत मौजुदा हाट बजार स्थलको कार्यक्रम सेवा शुल्क | १००० | |
| ५३ | **बाटो प्रमाणित** | | |
| क | मुख्य पिच बाटो ११ मि. (पिच बाटो) | १५०० | |
| ख | अन्य पिच बाटो | १२०० | |
| ग | ग्राभेल बाटो | १०५० | |
| घ | कच्ची बाटो | ५५० | |
| ङ | बाटो नभएको | ४५० | |
| **५४** | जन्म, मृत्यु प्रमाणित सिफारिस | ३५० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ५५ | श्रम स्वीकृती दस्तुर | २५० | |
| ५६ | देवघाट गाउँपालिका सिटी हल शुल्क प्रतिदिन | १००० | |
| ५७ | **जग्गाको चार किल्ला रेखांकन दस्तुर** | **२ रोपनी क्षेत्रफल सम्म रु. २०००** | **२ रोपोनी पश्चात प्रति थप रोपनी रु. ५०० थप लाग्ने** |
| ५८ | **पटके खुद्रा बिक्रेता** | | |
| | २ पाङ्ग्रे | रु. ५० | |
| | ३ पाङ्ग्रे | रु. १०० | |
| | ४ पाङ्ग्रे | रु. १५० | |
| ५९ | अन्य सिफारिस तथा प्रमाणित | ३५० | |
| ६० | अभिलेख प्रमाणित | ५०० | |
| ६१ | रुख कटान सिफारिस | ५५० | |
| ६२ | **कागजात प्रमाणित प्रतिपेज** | १०० | |
| ६३ | **भूमि मालपोत/सम्पत्ती कर रसिद प्रतिलिपी** | २० | |
| ६४ | **अन्य प्रमाण-पत्र प्रतिलिपी** | ५०० | |
| ६५ | **विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परिक्षक नियुक्ती/मनोनयन शुल्क** | | |
| क | “क” श्रेणी लेखा परीक्षक | ३००० | |
| ख | “ख” श्रेणी लेखा परीक्षक | २००० | |
| ग | “ग” श्रेणी लेखा परीक्षक | १५०० | |
| घ | “घ” श्रेणी लेखा परीक्षक | १००० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ङ | कार्यालयबाट सूचना जारी भई सूचिकृत | ५०० | सूचीकृत |
| ६६ | **शिक्षक सरुवा सहमति (आउने/जाने) अन्तरपालिका** | | |
| क) | मा.वि. तह | २००० | |
| ख) | नि.मा.वि. तह | १५०० | |
| ग) | प्राथमिक तह | १००० | |
| ६७ | **अस्पताल ल्याव परीक्षण शुल्क** | | |
| १) | आर ए फ्याक्टर (RA Factor) | २०० | |
| २) | आर बि सि (RBC) | ६० | |
| ३) | ई एस आर ESR (Westergren) | ८० | |
| ४) | ए एफ बि स्टेन (AFB Stain) | ० | निःशुल्क |
| ५) | एस.जि.ओ.टि. (SGOT) | १५० | |
| ६) | एच आई भि टेष्ट (HIV Test) | ४०० | |
| ७) | एच डि एल कोलेस्ट्रोल (HDL Cholesterol) | १५० | |
| ८) | एच बि एस ए जि (HBsAg) | २०० | |
| ९) | एल डि एल कोलेस्ट्रोल (LDL Cholesterol) | १५० | |
| १०) | एस जि पि टी (SGPT) | १५० | |
| ११) | कोलेस्ट्रोल टेष्ट (Total Cholesterol) | १५० | |
| १२) | क्रिटिनाइन (Creatinine) | २०० | |
| १३) | ट्रिग्सिराइडस ( TRIGLYCERIDES) | १५० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १४) | डब्लु बि सि (WBC) | ७० | |
| १५) | डेंगु किट (Dengue Kit) | ४०० | |
| १६) | पिगमेन्ट युपिटी (UPT) | १०० | |
| १७) | प्लेट्स(Platelet) | १०० | |
| १८) | बि टी (B.T.) | ५० | |
| १९) | ब्लड ग्रुपिङ्ग (Blood Group) | ५० | |
| २०) | ब्लड सुगर आर (Blood Sugar R.) | ३० | |
| २१) | ब्लड सुगर पि पि( Blood Sugar PP) | ३० | |
| २२) | ब्लड सुगर फास्टिङ्ग(Blood Sugar F.) | ३० | |
| २३) | भि एल डि एल कोलेस्ट्रोल (VLDL Cholesterol) | १५० | |
| २४) | भि डि आर एल (VDRL/RPR) | २५० | |
| २५) | मलेरिया किट (Maleria Kit) | ० | निःशुल्क |
| २६) | युरिक एसिड (S.Uric Acid) | १२० | |
| २७) | युरिन आर-ई(Urine R/E) | ५० | |
| २८) | युरिया (Blood Urea) | १५० | |
| २९) | विलिरुविन(Bilirubin) (Total ,Direct) | १५० | |
| ३०) | वेडल (Widal test) | २०० | |
| ३१) | सि आर पि(CRP) | २५० | |
| ३२) | सि टी (C.T.) | ५० | |
| ३३) | सि बि सि(CBC) | ४०० | |

| क.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| ३४) | सेरम अल्कालाी फसफोरस(Serum Alkaline Phosphatase) | ३०० | |
| ३५) | स्टुल आर ई (Stool R/E) | ५० | |
| ३६) | हेमोग्लोविन (Hemoglobin) | ५० | |
| ३७) | पि.एम.टि.सि.टि. (PMTCT) | ० | निःशुल्क |
| ३८) | भिटामिन डी(vitamin D) | १००० | |
| ३९) | एच बि १ एसि ( Hb१ac ) | ६०० | |
| ४०) | सोडियम(Sodium) | ३०० | |
| ४१) | पोटासियम (potassium) | ३०० | |
| ४२) | टि.एफ.टि. (TFT ) | ९०० | |
| ४३) | टि.एच.यस.( THS) | ३०० | |
| ४४) | टि.3 ( T3) | ३०० | |
| ४५) | टि.४ (T4) | ३०० | |
| **६८** | **पशुपन्छी उपचार सेवा शुल्क** | | |
| क | गाई, भैंसी (प्रति गोटा) | ० | निःशुल्क |
| ख | भेडा, बाख्रा (प्रति गोटा) | ० | निःशुल्क |
| ग | हाँस, कुखुरा, परेवा (प्रति गोटा) | ० | निःशुल्क |
| घ | कुकुर, बिरालो (प्रति गोटा) | ० | निःशुल्क |
| ङ | कृत्रिम गर्भाधान (प्रति गोटा) | ० | निःशुल्क |
| च | पशु बन्ध्याकरण शुल्क | ० | निःशुल्क |
| अ) | गोरु (प्रति गोटा) | ० | निःशुल्क |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| आ) | बोका, बंगुर, सुंगुर (प्रति गोटा) | ० | निःशुल्क |
| ६९ | **नक्सा पास दस्तुर (व्यावसायीक र आवासीय तर्फ)** | | |
| अ) | **आर.सि.सि. फ्रेम स्ट्रक्चर** | | |
| क | जमिन तला | ६ | प्रति वर्ग फुट |
| ख | प्रथम तला | ७ | प्रति वर्ग फुट |
| ग | दोस्रो तला | ८ | प्रति वर्ग फुट |
| घ | दोस्रो तला भन्दा माथि | प्रति तल्ला रु. १ थप | प्रति वर्ग फुट |
| ङ | जमिन मुनिको तला | ६ | प्रति वर्ग फुट |
| च | माथीको ट्रस लगाउने कार्य | ६ | प्रति वर्ग फुट |
| आ) | **लोड वेयरिङ्ग स्ट्रक्चर** | | |
| क | जमिन तला | ६ | प्रति वर्ग फुट |
| ख | प्रथम तला | ७ | प्रति वर्ग फुट |
| ग | दोस्रो तला तथा सो भन्दा माथि | ८ | प्रति वर्ग फुट |
| घ | घर माथिको ट्रस लगाउने कार्य | ६ | प्रति वर्ग फुट |
| इ) | **ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | |
| क | जमिन तला | ३ | प्रति वर्ग फुट |
| ख | कम्पाउण्ड/वाल | ५ | प्रति वर्ग फुट |
| ग | सेड तथा अस्थायी संरचना | ३ | प्रति वर्ग फुट |
| ७० | **घर नक्सा** | | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| क | घर नक्साको प्रतिलिपी दस्तुर | ३००० | |
| ख | घर नक्साको नामसारी दस्तुर | १००० | |
| ग | निर्माण सम्पन्न दस्तुर | १००० | |
| घ | नक्सा पास/अभिलेखिकरण फाराम दस्तुर | १००० | |
| ङ | नक्सा संशोधन दस्तुर | प्रति वर्ग फुट रु. २ | |
| च | नक्सा पासको प्रक्रियामा गएको तर नक्सा स्वीकृत नगरी घर निर्माण गरेको | नक्सापास गर्न लाग्ने दस्तुरको दुई गुणा शुल्क | |
| छ | घर नक्सा अभिलेखिकरण | नक्सापास गर्न लाग्ने दस्तुरको तीन गुणा शुल्क | |
| **७१** | **भू-उपयोग क्षेत्र वर्गीकरण संशोधन सिफारिस** | | |
| क | प्रति सिफारिस (१ आना देखि १ रोपनी सम्म) | २०० | |
| ख | प्रति सिफारिस (१ रोपनी भन्दा माथी) | ५०० | |
| **७२** | टोल विकास सिफारिस (सामान्य) | ५० | |
| नोटः यसमा नपरेका शिर्षकहरुको हकमा अन्य सिफारिससँग मिल्ने गरी कार्यपालिकाको निर्णय अनुसार कायम हुनेछ । | | | |

## अनुसूची — १३

आ.व. २०८३/०८४ मा दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरा) मा देहाय बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछः

| सि.नं. | शिर्षक | दर (प्रति क्युविक फिट) (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रोडा, गिट्टी, गेग्रान | ७ | |
| २ | स्लेट ढुङ्गा | ७ | |
| ३ | गिटी ढुङ्गा | ७ | |
| ४ | चट्टान ढुङ्गा | ७ | |
| ५ | कटिङ्ग ढुङ्गा | ७ | |
| ६ | चिप्स | ७ | |
| ७ | इट्टा पार्ने माटो | ३.५० | |
| ८ | अन्य साधारण माटो | ३.५० | |
| ९ | बालुवा | ७ | |
| १० | चुनढुङ्गा | १० | |
| ११ | नदी तथा खोलाले बगाएर ल्याएको काठ प्रति क्यु.फि. (कु काठ बाहेक) | ५०० | |
| १२ | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ प्रति क्यु.फि. | ७५ | |
| १३ | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी (प्रति किलोग्राम) | ५ | |
| १४ | घाटगद्दी प्रमाणित (प्रति घ.मि.) | ३ | घ.मि. |

| | | | |
|---|---|---|---|
| १५ | गाउँपालिकाभित्र उत्खनन भएको ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) प्रति घ.मि. बापतको वातावरण शुल्क | २० | घ.मि. |
| १६ | माटोको वातावरण शुल्क प्रति घ.मी. | २० | घ.मि. |
| १८ | माटो तथा नदीजन्य उत्खननमा कार्यपालिकाको निर्णय गरि थप अन्य शुल्क लगाउन सक्नेछ। | | |

**गण्डकी प्रदेशको आर्थिक ऐनसँग वाझिन गएमा गण्डकी प्रदेशको आर्थिक ऐन, २०८३ बमोजिम हुने ।**

## अनुसूची — १४
## जलस्रोत उपयोग सम्बन्धी दस्तुर

| क्र.सं. | जलस्रोत उपयोगको किसिम | रकम (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | नयाँ दर्ता | नवीकरण | |
| १ | खानेपानी र घरेलु उपयोग | १००० | ५०० | |
| २ | सिंचाई | २००० | १००० | |
| ३ | पशुपालन तथा मत्स्य व्यवसाय | २००० | १००० | |
| ४ | घरेलु उपयोग | २००० | १००० | |
| **५** | **जल यातायात** | | | |
| | क) मोटरबोट सञ्चालन अनुमती (प्रति गोटा) | १०००० | ३००० | |
| | ख) सामान्य मोटरबोट सञ्चालन अनुमती (प्रति गोटा) | ३००० | १००० | |
| ६ | अन्य उपयोग | ५००० | २५०० | |

## अनुसूची – १५
## संघ/संस्था/समूह दर्ता शुल्क

| क्र.सं. | विवरण | नयाँ दर्ता (रु.) | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | टोल विकास संस्था | ५०० | २०० | |
| २ | उपभोक्ता समिति | ५०० | २०० | |
| ३ | कृषि तथा पशु समूह | ५०० | २०० | |
| ४ | अन्य गै.स. संस्था | २००० | ७०० | |
| ५ | अन्य गै.स.स. सुचीकृत | रु. १५०० | | |

## अनुसूची १६
## उद्योग दर्ता शुल्क

| क्र.सं. | विवरण | नयाँ दर्ता (रु.) | नविकरण/ व्यवसाय कर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बहुराष्ट्रिय कम्पनी | - | ३०,००० | सुचिकृत |
| २ | आस्फाल्ट प्लान्ट | - | ५०,००० | सुचिकृत |
| ३ | रेडिमिक्स | - | ३०,००० | सुचिकृत |
| ४ | क्रसर उद्योग | २,००,००० | ७५,००० | |
| ५ | वास प्लान्ट | ५०,००० | २०,००० | |
| ७ | ईट्टा उत्पादन/उद्योग | १,००,००० | ३०,००० | |
| ८ | सःमिल | ५०,००० | २०,००० | |
| ९ | फर्निचर उद्योग | १५,००० | ५,००० | |
| १० | ग्रील सटर उद्योग | १५,००० | ५,००० | |
| ११ | दाना उद्योग | ५०,००० | ३०,००० | |
| १२ | औषधी उद्योग | २०,००० | १०,००० | |
| १३ | साबुन उद्योग | १०,००० | ५,००० | |
| १४ | ब्लक उद्योग | १०,००० | ५,००० | |
| १५ | कुखुरा चल्ला उद्योग | १०,००० | ५,००० | |
| १६ | चाउमिन उद्योग | १०,००० | ५,००० | |
| १७ | माला, टपरी, अगरबत्तरी, मैनबत्ती उद्योग | ५,००० | २,००० | |
| १८ | लच्छा, परौठा, वेकरी, पाउरोटी उद्योग | २००० | १००० | |
| १९ | अन्य उद्योग | १०,००० | ५,००० | |

## अनुसूची — १७
## जरिवाना शुल्क

| क्र.सं. | विवरण | जरिवाना रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | **प्राकृतिक स्रोत चोरी निकासी सम्बन्धी दण्ड जरिवाना** | | |
| क | एक्साभेटर | ५०,००० | |
| ख | ब्याक हो लोडर | ४०,००० | |
| ग | ट्रिपर | ३०,००० | |
| घ | ट्र्याक्टर | १५,००० | |
| उल्लेखित जरिवानामा दोस्रो पटक भए दोब्बर र तेस्रो पटक वा सो भन्दा बढी पटक दोहोरिएमा तेब्बर जरिवाना असुल गरिनेछ । | | | |
| २ | **व्यवसाय तथा बजार अनुगमन सम्बन्धी दण्ड जरिवाना** | | |
| क | मूल्य सूची नराखेमा | ५०० | |
| ख | प्रमाण पत्र नराखेमा | ५०० | |
| ग | म्याद नाघेको सामग्री विक्री वितरण गरेमा | १५०० | सामान जफत हुने |
| घ | अधिकतम खुद्रा मूल्य भन्दा बढी मूल्यमा सामग्री विक्री वितरण गरेमा | १५०० | |
| ङ | प्रदुषित, फोहोर सामग्री विक्री वितरण गरेमा | १००० | |

## अनुसूची १८
## विविध

| क्र.सं. | विवरण | शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय खारेजी | १००० | |
| २ | व्यवसाय संशोधन | ५०० | |
| ३ | इन्टरनेट सेवा प्रदायक (ISP) सूचीकृत प्रतिवर्ष | २००० | |
| ४ | नक्सा पास प्रयोजनको लागि कन्सल्टेन्सी सूचीकृत | ५००० | |

आज्ञाले
प्रधुब्न कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत